नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, कार्तिक १२ गते, २०८३ साल (संख्या ४४

भाग ५

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

सूचना-१

सर्वोच्च अदालत, संवैधानिक इजलासबाट संवत् २०८२ साल वैशाख २४ गते मुद्दा नं. ०८०-WC-०००५ को रिट निवेदनमा जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ६ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-६ को सि.नं. २३ मा रहेको **कोइला/क्लिङ्कर प्रति ट्रक रू. २५०।-** भन्ने व्यवस्था मिति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०८०।०४।३१ देखि नै अमान्य र बदर हुने ठहरी आदेश भएकोले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २६ को उपनियम (१) को खण्ड (क) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

सूचना-२

सर्वोच्च अदालत, संवैधानिक इजलासबाट संवत् २०८२ साल असार २५ गते मुद्दा नं. ०८०-WC-००३८ र ०८०-WC-००४१ को रिट निवेदनमा कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (१६) मा रहेका "साविक स्थानीय निकायको" तथा "निजामती सेवा बाहेकबाट समायोजन भई आएका र" भन्ने शब्दावलीहरू प्रारम्भदेखि नै अमान्य र बदर हुने ठहरी आदेश भएकोले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २६ को उपनियम (१) को खण्ड (क) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,

पाराश्वर ढुङ्गाना

नेपाल सरकारको सचिव।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।